# Deprosc Laghubitta Bittiya Sanstha Limited

Narayangarh,Chitwan

Phone. 056527900, Fax 056523056


## Unaudited Financial Result (Quarterly)

As at 1st Quarter (2075/06/31) of Fiscal Year 2075/076

| S. N. | Particulars | This Quarter Ending (Aswin end 2075) | Previous Quarter Ending (Ashad end 2075) | Corresponding Previous Year Quarter Ending (Aswin end 2074) |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities | 9,601,941,458.86 | 8,647,780,415.74 | 6,524,844,575.87 |
| 1.1 | Paid-up Capital | 703,100,401.75 | 703,100,401.75 | 606,121,035.75 |
| 1.2 | Reserve & Surplus | 731,619,067.87 | 517,189,418.11 | 654,856,213.41 |
| 1.3 | Debenture & Bond | - | - | - |
| 1.4 | Borrowings | 5,184,022,487.14 | 4,658,793,416.15 | 3,231,150,075.79 |
| 1.5 | Deposit | 2,634,050,941.00 | 2,410,393,159.00 | 1,809,441,117.00 |
| 1.5.1 | Group | 2,634,050,941.00 | 2,410,393,159.00 | 1,809,441,117.00 |
| 1.5.2 | General Public | - | - | |
| 1.6 | Income Tax Liabilities | 35,767,133.96 | - | 23,205,295.00 |
| 1.7 | Other Liabilities | 313,381,427.15 | 358,304,020.73 | 200,070,838.92 |
| 2 | Total Assets | 9,601,941,458.86 | 8,647,780,415.74 | 6,524,844,575.87 |
| 2.1. | Cash & Bank Balance | 886,680,173.42 | 592,104,211.68 | 321,990,280.12 |
| 2.2 | Money at Call & Short Notice | - | - | - |
| 2.3 | Investments | 2,010,000.00 | 2,010,000.00 | 2,010,000.00 |
| 2.4 | Loans & Advances | 8,309,965,715.43 | 7,756,177,627.43 | 5,890,043,325.00 |
| 2.5 | Fixed Assets | 33,875,152.44 | 31,450,531.18 | 22,832,656.64 |
| 2.6 | Non-banking Assets | - | - | - |
| 2.7 | Other Assets | 369,410,417.57 | 266,038,045.45 | 287,968,314.11 |
| 3 | **Profit & Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Quarter Ending** |
| 3.1 | Interest Income | 362,068,631.70 | 1,155,646,243.34 | 259,480,122.36 |
| 3.2 | Interest Expense | 177,015,480.14 | 529,856,492.94 | 111,117,434.57 |
| | A. Net Interest Income | 185,053,151.56 | 625,789,750.40 | 148,362,687.79 |
| 3.3 | Fees, Commission & Discount | - | - | - |
| 3.4 | Other Operating Income | 45,290,220.98 | 127,983,262.68 | 23,648,090.54 |
| | B. Total Operating Income | 230,343,372.54 | 753,773,013.08 | 172,010,778.33 |
| 3.6 | Staff Expenses | 70,195,137.24 | 268,194,954.82 | 66,920,251.51 |
| 3.7 | Other Operating Expenses | 21,983,385.45 | 72,888,460.12 | 14,849,491.84 |
| | C. Profit Before Provision | 138,164,849.85 | 412,689,598.14 | 90,241,034.98 |
| 3.8 | Provision for Possible Loss | 28,607,646.00 | 107,593,266.00 | 20,580,879.00 |
| | D. Operating Profit | 109,557,203.85 | 305,096,332.14 | 69,660,155.98 |
| 3.9 | Non-operating Income | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 21,586,954.00 | 69,410,694.00 | 15,413,908.00 |
| | E. Profit from Regular Activities | 131,144,157.85 | 374,507,026.14 | 85,074,063.98 |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | 2,000.00 | 43,853.00 | 12,019.00 |
| | F.Profit Before Bonus & Taxes | 131,146,157.85 | 374,550,879.14 | 85,086,082.98 |
| 3.12 | Provision for Staff Bonus | 11,922,378.00 | 34,050,080.00 | 7,735,098.00 |
| 3.13 | Provision for Tax | 35,767,133.96 | 102,150,240.00 | 23,205,295.00 |
| | G.Net Profit/Loss | 83,456,645.90 | 238,350,559.14 | 54,145,689.98 |
| 4 | **Ratios** | **At the End of This Quarter** | **At the end of Previous Quarter** | **At the end of Previous Corresponding Quarter** |
| 4.1 | Capital Fund to RWA | 16.17 | 14.92 | 21.02 |
| 4.2 | Non-Performing Loan/ (NPL) to Total Loan | 0.62 | 0.75 | 0.58 |
| 4.3 | Total Loan Loss Provision to NPL | 246.37 | 204.46 | 256.79 |
| 4.4 | Cost of Funds | 10.33 | 10.67 | 9.45 |

Note: The above financial statement is subject to change from Statutory Audit & Supervisory Authority.

### Interest Rate

Against Member Savings - 8% to 9.25 %

Against Loan & Advances- 10 % to 18 %

धितोपत्रदर्ता तथा निष्काशन नियमावली २०७३ नियम २६ उपविनियम (१)संग सम्बन्धित अनुसुची १४ बमोजिमको

## डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आ.व. २०७५/०७६ को प्रथम त्रैमासिक बिवरण

**१. प्रमुख वित्तीय बिवरण :**

क. त्रैमासिक अवधिको वासलात, नाफा–नोक्सान हिसाब सम्बन्धी बिवरणः यस संस्थाको वासलात, नाफा–नोक्सान सम्बन्धि बिवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | प्रति शेयर बजार मूल्य | मूल्य आम्दानी अनुपात | प्रति शेयर खुद कितावी मुल्य | प्रति शेयर कूल सम्पतिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|---|
| ४७।४८ | ६६२।०० | १३।९४ | २०४।०६ | १,३६५।६६ | ११।३४ |

**२. ब्यवस्थापकीय बिश्लेषण :**

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः संस्थाको ब्यवसायिक योजना तथा लक्ष्य अनुरूप प्रगति सन्तोषजनक रहेको छ । यस अवधिमा कोष लागत दरमा भएको उच्च बृद्धिको बावजुद गत आ.व. को सोही अवधिको खुद मुनाफाको तुलनामा समीक्षा अवधिको खुद मुनाफामा उल्लेख्य बृद्धि हुन गएको छ ।

ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरणः राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले समीक्षा अवधि सम्म ७० वटा जिल्लाहरूमा ११६ शाखा कार्यालयहरू खोली सो मार्फत लघुवित्त सेवा प्रदान गरिरहेको छ । वित्तीय सेवाको पहुँच बाहिर रहेका ग्रामिण समुदायहरूलाई लघुवित्त सेवा प्रदान गर्ने हेतु उपयुक्त देखिएका स्थानहरूमा नयाँ शाखा कार्यालयहरू खोलिने छन् र सेवाहरूको बिविधिकरण गरिने छ । वित्तीय स्रोतमा आत्मनिर्भरता बढाउन सदस्यहरूबाट वचत परिचालन गर्ने नीतिलाई अझ बढी प्रभावकारी बनाउन उपयुक्त रणनीति बनाई लागू गरिने छ । हाल संचालनमा रहेको Banking Software लाई आधुनिक किसिमको Online Software बाट प्रतिस्थापन गरी सहज तथा भरपर्दो ब्यवस्थापन सूचना प्रणालिको प्रयोग मार्फत उत्पादकत्व बढाउन र संचालन खर्च घटाउन आवश्यक कार्यहरू संचालनमा रहेका छन् । आन्तरिक स्रोतको प्रयोग तथा दातृनिकाय र अन्य संघ संस्थाहरूको सहयोग तथा सहकार्यमा यस संस्थासंग आबद्ध सदस्यहरूको जीवनस्तर उकास्ने उद्देश्यले बिशेष समुह र समुदाय लक्षित कार्यक्रमहरू संचालन गरिने छन् भने कर्मचारीहरूको कार्यकुशलतामा सुधार ल्याउन राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा संचालन हुने तालिम र अवलोकन भ्रमणमा सहभागि गराईनेछ ।

यस त्रैमासको अन्त्य सम्ममा संस्थाले हासिल गरेको लक्ष्य तथा प्रगति निम्नानुसार रहेका छन् ।

| बिबरण | आ.व.२०७४/०७५ असार मसान्त सम्मको प्रगति | २०७५ आशिवन मसान्त सम्मको प्रगति |
|---|---|---|
| **कुल सदस्य संख्या** | १५५४५० | १,६२,६८४ |
| **लगानीमा रहेको कर्जा** (रू. हजारमा) | ७८,७८,६३९ | ८४,३९,४४८ |
| **कुल बचत तथानिक्षेप** (रू. हजारमा) | २४,१०,३९३ | २६,३४,०५१ |

ग. बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरणः बाणिज्य बैंकहरूले आधार दरमा प्रिमियम जोडी लघुवित्त संस्थाहरूलाई थोक कर्जा उपलब्ध गराउने अवस्थामा अहिले पनि परिवर्तन नभएको र बजारमा तरलताको अवस्था सहज भै नसकेको कारण कोष लागत दरमा बृद्धि हुन गई त्यसको असर मुनाफा रकममा पर्न सक्ने देखिन्छ । एकै कार्यक्रम क्षेत्रमा बहुसंख्यक सेवा प्रदायकहरूको उपस्थिति हुनुले सदस्यहरू बिच कर्जाको दोहोरोपना बढ्न गई कार्यक्रमको स्तरमा ह्रास आउनु, सदस्यहरूबाट उद्देश्य बमोजिम कर्जा रकम उपयोग नहुनु, आदि कारणहरूले संस्थालाई असर पार्न सक्छ । तथापि संस्थाले अवलम्बन गरेको कुशल नीतिका कारण हाल सम्म कुनैं समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारवाही सम्वन्धि बिवरणः** वित्तीय संस्थामा कार्यरत एकजना कर्मचारीलाई अनुशासनको कारवाहि गरिएकोमा सो बिरूद्ध निजले उच्च अदालत पाटन हेटौडा इजलास हेटौडामा दिएको मुद्दा बिचाराधिन अवस्थामा रहेको छ ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषणः**

क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः यस वित्तीय संस्थाको शेयर कारोवारमा समय समयमा उतार चढाव देखिएता पनि धितोपत्र बजारको हालको अवस्थामा शेयरको कारोवार सन्तोषजनक रहेको छ ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्याः यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छ । (नेपाल स्टक एक्सचेन्जको वेबसाईटमा आधारित)

| अधिकतम मूल्य | न्युनतम मूल्य | अन्तिम मूल्य | कारोवार भएको कूल दिन | कारोवार संख्या | शेयर संख्या |
|---|---|---|---|---|---|
| रू. ७४८।०० | रू. ६३०।०० | रू. ६६२।०० | ६१ | ८२५ | ८७,२५६।०० |

**५. समस्या तथा चुनौती :**

क. संख्यात्मक रूपमा बृद्धि भएको लघुवित्त संस्थाहरूको शाखा बिस्तार संगै बढने सदस्यहरूको दोहोरोपना,

ख. कोषको उच्च लागत,

ग. दक्ष जनशक्तिको अभाव तथा कर्मचारी सेवाको निरन्तरतामा ह्रास,

घ कमजोर भौतिक पुर्वाधार तथा आधुनिक ब्यवस्थापन सूचना प्रणालीको अभाव,

ङ अप्रत्यासीत रूपमा सृजना हुन सक्ने प्रतिकुल अवस्था ।

६. संस्थागत सुशासनः संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुबिधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, कर्मचारी पदपुर्ति समिति, कर्जा असुली इकाई लगायत बिभिन्न आन्तरिक समिति तथा उप–समितिहरू मार्फत ब्यवसायिक योजना तथा कार्यक्रमको तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन गर्ने/गराउने, सम्पादन गरिएका कार्यहरूको मुल्याँकन गर्ने र सोको समीक्षाको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरूलाई जारी निर्देशनहरूका साथै बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, कम्पनी ऐन, २०६३, नेपाल राष्ट्र बैंक ऐन, २०५८, धितोपत्र ऐन, २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको पालना गरिनुका साथै आवश्यकता अनुसार संस्थाको कार्यलाई सबल र सक्षम बनाउन आवश्यक नीति नियमहरू बनाई लागु गरिएका छन् ।

७. .सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धताको सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।